म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३०६ | मंगलबार ३१ जेठ २०७९ | ने. सं. ११४२ तछलाथ्व | 14 Jun, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मालपोतलाई स्थानीय तहमै पुऱ्याइने



काठमाडौं, ३० जेठ/ सरकारले मालपोतलाई स्थानीय तहमै पुऱ्याउने बताएको छ ।

मन्त्रालयका लागि विनियोजन भएको बजेटको शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिँदै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले यस्तो जानकारी दिएकी छन् ।

सार्वजनिक जग्गाको संरक्षणमा सरकार दृढ छ रहेको उल्लेख गर्दै उनले थपेकी छन्, 'मालपोतलाई स्थानीय तहमै पुऱ्याउने गृहकार्य अगाडि बढेको छ । संविधानको अनुसूचीमा जे व्यवस्था भएको छ । त्यसअनुसार कार्यको सुरुवात मन्त्रालयले गरेको छ ।' -साभार: अनलाइनखबर

# जिसस मकवानपुरमा गठबन्धनको जित नशिचत

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ जिल्ला समन्वय समिति (जिसस) मकवानपुरको प्रमुखमा गठबन्धनबाट र नेकपा एमालेको तर्फबाट दुई जनाको उम्मेदवारी परेको छ ।

असार २ गते तय भएको जिसस निर्वाचनका लागि गठबन्धनको तर्फबाट नेकपा माओवादी केन्द्रका ललितबहादुर घलानले उम्मेदवारी दर्ता गराएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । घलान ३० वैशाखमा भएको स्थानीय तह सदस्य निर्वाचनबाट हेटौंडा-१२ को वडा अध्यक्षमा निर्वाचित भएका थिए ।

उनी दोस्रोपटकका लागि वडा अध्यक्षमा विजयी भएका थिए । घलानले वडा अध्यक्षबाट राजीनामा दिएर जिसस प्रमुखमा उम्मेदवारी दर्ता गराएका हुन् । यसैगरी, नेकपा एमालेको तर्फबाट इन्द्रसरोबरका जनप्रतिनिधि बुद्धिराम डिम्डुङको उम्मेदवारी परेको छ ।

जिसस प्रमुखमा गठबन्धनका उम्मेदवारको जित लगभग निश्चित जस्तै छ । गठबन्धनका उम्मेदवारबिरुद्ध कुनै दाबी बिरोध पुष्टि नभई गठबन्धन कायम रहेको अवस्थामा घलानको जित निश्चित बनेको हो । २० सदस्यीय जिसस निर्वाचनमा १७ मत गठबन्धनसँग छ । एमालेसँग ३ मतमात्रै छ । एमालेले निर्वाचन जित्न ठूलो मत तान्नु पर्ने देखिन्छ ।

तर, गठबन्धनबाट निर्वाचित जनप्रतिनिधिकै मत तान्न एमालेलाई असम्भव जस्तै छ । निर्वाचनमा गठबन्धन र एमालेबीच ठूलो मतको फरक देखिएकोले गठबन्धनका उम्मेदवारको जित लगभग पक्का बनेको हो ।

एमालेले हार निश्चित देखेपछि बुद्धिराम डिम्डुङलाई उम्मेदवार बनाएको चर्चा छ ।




किनकि, जिसस प्रमुखका लागि एमालेभित्र एक दर्जन बढी नेता आकांक्षी थिए । जिसस प्रमुखकै लागि स्थानीय तह निर्वाचन लडेका एमालेका केही नेता वडा सदस्यमै पराजित हुन पुगेका थिए । गत निर्वाचनमा बहुमत भएकाले एमालेका प्रमुख, उप्रमुख र सदस्य जिससमा निर्वाचित भएका थिए । यसपालि एमाले जिससबाट 'क्लिन स्वीप' हुने सम्भावना बढेको हो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार प्रमुख र उपप्रमुख तथा ७ सदस्यका लागि १२ जनाले मनोनयन दर्ता गराएका छन् । जिसस उपप्रमुखमा गठबन्धनबाट नेपाली कांग्रेसका सानुकाजी लुईंटेलले मनोनयन दर्ता गराए ।

उपप्रमुखमा एमालेबाट उम्मेदवारी दर्ता भएको छैन । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार उपप्रमुखमा लुईंटेलको मात्रै उम्मेदवारी परेको हो । जिससको ३ जनालाई महिला सदस्यका लागि ४ जनाले उम्मेदवारी दर्ता गराएका छन् । महिला सदस्य पदमा नेपाली कांग्रेसबाट क्रमश: तारा ढुंगाना, विष्णुमाया थपलिया, सुमित्रा थिङ र नेकपा एमालेकी बिनाकुमारी थिङ लामाले उम्मेदवारी दिएका हुन् । दलित तथा अल्पसंख्यक सदस्यतर्फ नेकपा एकीकृत समाजवादीबाट सुनिता दर्नाल परियारले मात्रै उम्मेदवारी दर्ता गराएकी छन् ।

अन्य खुल्ला सदस्यहरुमा नेकपा एकीकृत समाजवादीबाट वीरेन्द्रकुमार लामा, नेकपा माओवादी केन्द्रबाट सुवर्ण गोपाली, खड्गबहादुर पुलामी र एमालेका तोयानाथ तिमल्सिनाले उम्मेदवारी दिएको जनाइएको छ । ३ जना खुल्ला सदस्यका लागि ४ जनाले उम्मेदवारी दिएका छन् । ९ सदस्यीय जिल्ला समन्वय समितिमा प्रमुख तथा उपप्रमुख र सात जना सदस्य रहने छन् ।

मकवानपुरमा हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका र ८ वटा गाउँपालिका इन्द्रसरोबर, भीमफेदी, मकवानपुरगढी, बागमती, बकैया, मनहरी, राक्सिराङ, कैलाश रहेका छन् । सबै पालिकाको प्रमुख र उपप्रमुख गरी कूल २० जनाले जिससको लागि मतदान गर्न पाउँछन् । जसमध्ये कांग्रेसको ९, माओवादी केन्द्रको ७, नेकपा एमालेको ३ र एकीकृत समाजवादीको १ जना मतदाता छन् । गठबन्धनमा कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) छन् भने एमाले एक्लै छ । ३१ असार अर्थात् आज मंगलबार मनोनयन दर्ता गराएका उम्मेदवारमाथि दाबी बिरोधको समय रहेको मुख्य निर्वाचन अधिकृत डिल्लिरत्न श्रेष्ठले जानकारी दिएका छन् । आज मंगलबार नै मनोनयन पत्रको जाँच र उजुरी परेमा त्यसउपर निर्णय गरिने उनले बताए ।

उम्मेदवारको नामावली प्रकाशन गर्ने, कसैले उम्मेदवारी फिर्ता लिन चाहेमा लिन सकिने र नलिएको अवस्थामा अन्तिम नामावली प्रकाशन हुने श्रेष्ठले जनाए । १ असारमा उम्मेदवारहरुलाई निर्वाचन चिन्ह प्रदान गरिने र २ गते मतदान हुने जनाइएको छ ।

**विवाद समाधानपछि उम्मेदवारी**

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरको प्रमुखलाई लिएर भएको गठबन्धनभित्रको विवाद समाधान भएपछि उम्मेदवारी दर्ता भएको छ ।

स्थानीय तह निर्वाचनका बखत जिसस प्रमुख माओवादीलाई दिने पूर्ववत् सहमति कार्यान्वयनमा आएपछि गठबन्धनका दुई प्रमुख दल नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबीचको विवाद मिलेको हो । यसअघि कांग्रेसले जिल्लाको ठूलो दलको हैसियतमा जिसस प्रमुखमा दाबी रहने औपचारिक घोषणा गरेको थियो ।

तर, गठबन्धनकै माओवादीले जिसस प्रमुखको सम्बन्धमा भएको सहमति कार्यान्वयन गर्न भन्दै कांग्रेसलाई आग्रह गरेको थियो । अन्तत: कांग्रेस र माओवादीबीच जिसस प्रमुखलाई लिएर सहमति भएपछि सोमबार उम्मेदवारी दर्ता भएको छ । जसअन्तर्गत् माओवादीले प्रमुख र कांग्रेसले उपप्रमुखमा भागवण्डा गरेका हुन् ।

# घरेलु टोलीलाई हराउँदै आर्मीले चुम्यो मकवानपुर गोल्डकपको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ घरेलु टोलीलाई पराजित गर्दै विभागीय त्रिभुवन आर्मी क्लबले दोस्रोपटक चौथो संस्करणको स्थानीय तह सहिद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि चुमेको छ ।

घरेलु टोली विजय युथ क्लब हेटौडालाई २-१ गोलअन्तरले पराजित गर्दै आर्मीले लगातार दोस्रो पटक उपाधि चुमेको हो । कप्तान भरत खवास र कमलबहादुर थापाको योगदानमा दोस्रोपटक आर्मी च्याम्पियन बन्न सफल भयो ।




खेलको १५ औं मिनेटमा कप्तान खवासको गोलबाट आर्मीले सुरुवाती अग्रता लियो । उनले टेक बहादुर बुढाथोकीको पासलाई सुन्दर फिनिसको नमूना पेश गरेका थिए । त्यसको १० मिनेटपछि घरेलु टोलीले बराबरी गोल फर्काउन सफल भयो ।

घरेलु टोली विजय युथका डोना थापाले पेनाल्टीमार्फत् एक गोल फर्काए । युद्ध शाहीले पेनाल्टी बक्समा बिमल रानालाई फाउल गरेपछि रेफ्रीले विजय युथलाई पेनाल्टी प्रदान गर्दा थापाले घरेलु टोलीलाई एक गोलको योगदान दिन सफल भए । दोस्रो हाफको शुरुमै कमलबहादुर थापाले गोल गर्दै आर्मीलाई २-१ को अग्रता दिलाए । लगत्तै आर्मीले पेनाल्टीको अवसर पाए पनि दिनेश हेन्जनले गोल गर्न नसक्दा आर्मी थप अग्रता लिनबाट चुक्यो । विजय युथका कप्तान तथा गोलरक्षक अशोक बरालले सन्तोष केसीलाई फाउल गरेपछि प्राप्त पेनाल्टीमा दिनेशले गोल गर्न सकेनन् । त्यसपछि थप गोल निस्कन नसक्दा आर्मी विजयी हुँदै च्याम्पियन बन्न सफल भयो ।

आर्मीले गत सिजन पनि च्याम्पियन बन्ने क्रममा विजय युथलाई नै पराजित गरेको थियो । उपाधिसँगै आर्मीले १५ लाख रुपैयाँ र शिल्ड हात पारेको छ । दोस्रो भएको विजय युथले १० लाख रुपैयामा चित्त बुझाएको छ । मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा १२ टोलीहरुको सहभागिता रहेको थियो ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित हुँदै घरेलु टिम एफसी विजय युथका क्याप्टेन अशोक बरालले बुलेट बाइक पाएका छन् । सोमबार भएको फाइनल खेलमा उपविजेता बनेको एफसी विजय युथका बराल ए डिभिजन क्लबमा व्यावसायिक फुटबल खेलाडी हुन् । प्रतियोगिताको उत्कृष्ट खेलाडीका लागि बुलेट बाइकको प्रायोजन हेटौंडा स्कूल अफ म्यानेजमेन्टले गरेको थियो ।

प्रतियोगिताको उत्कृष्ट गोलरक्षक आर्मीका बिकेश कुथु घोषित भए । उत्कृष्ट मिडफिल्डर आर्मीका विवेक बस्नेत, स्ट्राइकरमा आर्मीकै दिनेश हेम्जन र प्रशिक्षकमा आर्मीका नवीन न्यौपाने घोषित भए । विधागत उत्कृष्ट खेलाडी तथा प्रशिक्षकले जनही २५ हजार रुपैयाँ पाएका छन् । मकवानपुरका १० वटै स्थानीय तहको लगानीमा प्रतियोगिता भएको थियो ।

प्रतियोगिताका बिजेता तथा उपबिजेतालाई कार्यक्रमका प्रमुख अतिथि नेपाली काँग्रेस बागमती प्रदेश सभापति तथा संसदीय दलका नेता ईन्द्रबहादुर बानियाँले पुरस्कार वितरण गरेका थिए ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA
e-SCOOTERS



GRAND OPENING

Offer
रु.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १५ युनिट विद्युत खपत ।
- ट्युबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

## एमसीसी खारेजीको माग गर्दै जिसस घेराउ




साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ नेपाल कम्युनिष्ट पार्टी (विप्लब) मकवानपुरले अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) खारेजीको माग गर्दै जिल्ला समन्वय समिति मकवानपुरको कार्यालय घेराउ गरेको छ ।

सोमबार विप्लबले मूल्य बृद्धि तथा एमसीसी सम्झौताको बिरोध गर्दै जिसस मकवानपुरको कार्यालय घेराउ गरेको हो । प्रदर्शनकारीले 'राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर्', 'एमसीसी चाहिँदैन देश बेच्न पाइँदैन', 'गो ब्याक अमेरिका'लगायत नाराबाजी गर्दै कार्यालय घेराउ गरेका थिए । कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी मकवानपुरका सेक्रेटरी सामना परियार, इन्चार्ज आरोह नेपाली लगायतको उपस्थिति थियो ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पठन संस्कृति विकासमा स्थानीय तह लाग्नैपर्छ

पछिल्लो समय पढ्ने संख्या घट्दै गइरहेको छ । दैनिक सूचनामूलक पत्रपत्रिका पढ्ने र पुस्तकहरु पढ्ने जनसंख्या कम हुँदै गएको पाइएको छ । सूचना प्रविधिको विकाससँगै मोबाइल फोनको प्रयोग बढ्दै जाँदा पढ्न भन्दा पनि मानिसहरु मोबाइलमा पाइने अनेक खालका मनोरञ्जन तथा खेलहरु खेल्न अभ्यस्त भएको पाइन्छ । केही समय फुर्सद् भयो कि पकेटमा भएको मोबाइल निकालेर भिडियो हेर्ने, गीत सुन्ने कि त गेम खेलेर बस्ने संस्कृतिको विकास हुँदै गएको पाइन्छ । मोबाइलमा जानकारीमूलक सामग्रीहरु पढ्ने, हेर्ने र सुन्ने जनसंख्या पनि नभएको हैन । तर, तुलनात्मकरुपमा पुस्तक किनेर पढ्ने र पुस्तकालयमा गएर पढ्ने संस्कृतिमा भने कमि आएको पक्कै हो ।

पठन संस्कृतिले नयाँ ज्ञान प्राप्त गर्ने जनसंख्या बढ्दै जान्छ । सकारात्मक सोच भएका व्यक्ति उत्पादनमा पठन संस्कृतिको ठूलो भूमिका हुन्छ । यसलाई जति बढावा दिन सकियो त्यत्ति नै समाज परिवर्तन हुँदै जान्छ । अहिले समाजमा नकारात्मक सोच भएको जमात त्यत्तिकै छ । बौद्धिक जनशक्ति पनि छ । बौद्धिक जनशक्तिको संख्या बढाउने अभियानमा यतिखेर पुस्तकालय अभियान समूह मकवानपुर लागेको छ । समूहले हेटौंडा उपमहानगरपालिकाका १९ वटै वडामा पुस्तकालय स्थापना गर्ने तयारीमा जुटेको छ । जिल्लाभर एक वडा एउटा पुस्तकालय खोल्ने अभियानमा समूह लागेको छ । यो अत्यन्तै राम्रो काम हो । एक वर्षअघि सुरु गरेको अभियानअन्तर्गत् मकवानपुरमा १२ तथा बारामा एक र रौतहटमा एक स्थानमा गरी कूल १४ स्थानमा पुस्तकालय स्थापना भइसकेको छ ।

मकवानपुर जिल्लाभर पुस्तकालय स्थापना गर्न स्थानीय तहको सहकार्यको आवश्यकता समूहले गरेको छ । स्थानीय सरकार विकासको नाममा बाटोघाटो, पुलपुलेसा, भ्यू टावर, ढल, नाला, खानेपानी ट्याङ्की निर्माणमा मात्रै केन्द्रित रहेको पाइएको छ । त्यत्तिले मात्रै विकासको सर्वाङ्गिण पाटो समेटिन सक्दैन । समाजलाई सभ्य र सुसंस्कृत बनाउन अध्ययनशील र शिक्षित जनशक्ति हुनु जरुरी छ । त्यसको लागि घरमा मात्रै नभएर समाजमा बसेर पढ्ने बानीको विकास जरुरी छ । जसको लागि स्थानीय तहले पुस्तकालय आफैंले स्थापना गर्नुपर्छ । तर, मकवानपुरमा अभियाननै सञ्चालन गरेर आफ्नो तर्फबाट पुस्तकालय अभियान समूह मकवानपुर सक्रिय भएको छ । यसमा जिल्लाका सबै स्थानीय तहले सहयोग गर्नु जरुरी देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार १ गते बुधबार १५ जुन २०२२ । जेष्ट शुक्लपक्ष्य प्रतिपदा । तछलाथ्व प्रतिपदा ११४२ । सुर्योदय: ५:१०, सुर्यास्त: ६:५९ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कामबाट फुर्सद मिल्नेछ | तुला | : छिमेकमा असमझदारी बढ्नेछ |
| वृष | : सहयोगीको राम्रो साथ पाइनेछ | वृश्चिक | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| मिथुन | : रोकिएका काम बन्ने योग छ | धनु | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| कर्कट | : लगानीको अवसर जुट्नेछ | मकर | : व्यावसायिक यात्राको सम्भावना छ |
| सिंह | : यात्रा अघि बढ्न सक्नेछ | कुम्भ | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कन्या | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | मीन | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |

# बाराको विकास र राजनीति: विमानस्थलदेखि जंगलसम्म



डा. शोभाकर पराजुली

बारा जिल्ला नेपालका उद्योगहरुको राजधानी हो । यो जिल्लाले यस्तो पहिचान लिने हैसियत राखे पनि लामो समयसम्म यो जिल्ला लघुताभाषमा बाँच्यो । वीरगञ्जको ऐतिहासिक अग्लोपनले बाराको मुक्त छविलाई ओझेलमा पारिरह्यो । आज पनि अन्तर्राष्ट्रिय विमानस्थल लगायत बारा जिल्लासँग जोडिएका केही ठूला आयोजनाहरुले राष्ट्रिय स्तरको चर्चा पाए पनि आम मान्छेको जीवनस्तरमा यो जिल्ला नेपालका बहुसंख्यक जिल्लाभन्दा पछाडि नै छ ।

एकातर्फ उद्योगहरुको राजधानी, अर्कोतिर यहाँका बासिन्दाको ठूलो हिस्सा निम्नस्तरमा बाँच्न बाध्य छ । यो विरोधाभाषको अवस्था किन भयो ? रिक्तता कहाँनिर छ ? जानुपर्ने कहाँ थियो ? कहाँ अल्मलियो ? बाराली जनताको उन्नतिका तगाराहरु के हुन् ? यो जिल्लाले विकास सूचकांकहरुमा कसरी फड्को मार्न सक्छ ? यहाँका निर्वाचित जनप्रतिनिधिहरुले यस्ता सरोकारका विषयलाई सम्बन्धित निकायमा कति गुरुत्वपूर्ण ढंगले उठाउँदै आए ? यस्ता अनेकौं प्रश्नहरु छन्, जो यहाँका नागरिकको मनमा छ ।

बारा जिल्लाको भौगोलिक अवस्थिति गज्जबको छ । नेपालको आर्थिक राजधानी वीरगञ्जलाई आजपर्यन्त बाँकी नेपालसँग जोड्ने प्रवेशद्वार हो बारा । यो जिल्ला भएर नै वीरगञ्ज पूर्व-पश्चिम राजमार्गसँग जोडिन्छ । वीरगञ्जको हवाईमार्ग बाराको सिमरा नै हो । 'वीरगञ्ज क्षेत्र' भनेर दाबी गरिएका औद्योगिक करिडोरका बहुसंख्यक उद्योगहरु बारा जिल्लामै छन् ।

बहुराष्ट्रिय कम्पनी, राष्ट्रिय कम्पनी वा साना उद्योगहरु सबै यहाँ छन् । नेपालमा औद्योगिकीकरणको प्रारम्भ र खुला उदार प्रतिस्पर्धात्मक नीति आत्मसात् गरेपछि फड्को मार्दै आएको उद्योग विकासक्रमको केन्द्रविन्दु बारा नै बन्यो । बारा जिल्लामा यत्रा उद्योगहरु हुदाँहुँदै उद्योग र समुदायका बीचमा दुरी छ । समुदायले हेर्छ- उसको खेत खलिहानमा हेर्दाहेर्दै उद्योग ठडियो । तर, त्यो उद्योगले अपेक्षित आर्थिक रुपान्तरण यहाँको सामाजिक जीवनमा ल्याउन सकेन । कतिपय ठाउँमा उद्योगहरु पर्यावरणमैत्री छैनन् भन्ने गुनासो छ ।

यता उद्योगीहरुसँग पनि समुदायका नाममा अनाहक किचलो थप्ने बिचौलियाहरु फस्टाउनु र उद्योगमैत्री वातावरण निर्माण हुन नदिने जस्तादुखेसो छन् । यहाँ असल औद्योगिक सम्बन्धको खाँचो छ । न त उद्योगहरु मरुन् न त समुदाय नै सुक्दै जाउन् । यस्तो सन्तुलित दृष्टिको खाँचो छ । यहाँ मजदुरलाई उचालेर उद्योगीहरुलाई तर्साउने वा उद्योगका मतियार बनेर समुदायलाई कजाउने नेताहरु नै बढी भए ।

राणाकालदेखि नै बारा जिल्ला मौजाको रुपमा रह्यो । काठमाडौंका शासकका लागि अन्न र कर उठाउने ठाउँ रह्यो । जब वीरगञ्जदेखि अमलेखगञ्जसम्म रेल चल्यो, त्यसको ठूलो हिस्सा बारा जिल्लामै थियो । अमलेखगञ्ज तराई भएर काठमाडौं जाने बाटोको एउटा मुख्य बजार थियो । यो ठाउँ कम गुलजार थिएन । मकवानपुरका पुरानो बजार भीमफेदीसम्म नजिकको दुरीमा रहेको अमलेखगञ्ज प्रसिद्ध चुरियामाईको मन्दिर भएको क्षेत्र हो ।

अमलेखगञ्जले विकासका अनेकौं सम्भावनाहरु बोकेको छ । तर यसबारे कहिल्यै पनि खुला बहस भएन । जीतपुर, सिमरा र अमलेखगञ्ज छोटो दुरीमा रहेका बजार हुन् । यी तीन वटै ठाउँका अलग विशेषता छन् । जीतपुरको प्रमुख सामर्थ्य भनेको व्यवसाय हो । सिमराको विशेषता भनेको पर्यटन र होटल व्यवसाय हो । उसो त परवानीपुरदेखि त्रिभुवन राजपथवरिपरि उद्योगहरुको लामो श्रृंखला नै छ ।

सिमरामा सात दशकपहिला विमानस्थल बन्यो । तर, अझै यो विमानस्थललाई बढी सुविधायुक्त र ठूला जहाजहरु अवतरणको अनुकूल बनाउन सकिन्छ । कम समय र कम खर्चमा सिमरा आन्तरिक उडानको क्षेत्रमा उच्चस्तरको विमानस्थल बन्न सक्छ । यसका लागि जति प्रयत्न हुनुपर्ने हो, त्यो भइरहेको छैन । सिमरा विमानस्थलको विस्तारको मागलाई कसको राजनीतिले छेकेको छ ? कुहिरोले कहाँनिर ढाकेको छ ? सिमरा विमानस्थलको पूर्वाधार विकासको कुरा गर्न किन कोही तर्सिन्छ ? सबै सहर वा क्षेत्रका आ-आफ्नै विशेषता हुन्छन् । हरेकले आफ्ना सामर्थ्यका अनुकूल सम्भावनाहरुको खोजी गर्न पाउनुपर्छ । आज सिमरा विमानस्थल विस्तार भयो भने यसले नेपालको आन्तरिक उडानमा क्रान्ति नै ल्याउनेछ । सिमराबाट अन्य सम्भावनाका ठाउँहरुसँग घरेलु उडान गराउन सकिन्छ । विकासका लागि पहिला सपना देख्नुपर्यो । सपनाका लागि सम्भावना बुझेको नेतृत्व चाहिन्छ । जुन नेतृत्वले आफ्नो क्षेत्रको मौलिकता, विशेषता र उर्वरतालाई बुझ्न सक्दैन, उसले गतिलो सपना पनि देख्न सक्दैन । बारा जिल्लाको कुनै एउटा क्षेत्रको विकास अर्को क्षेत्रको विकाससँग जोडिएको छ । सिमराको विकास सिमरौनगढसम्म जोडिएको छ । प्रसौनीको विकास जीतपुरसँग जोडिएको छ । परवानीपुरको विकास कोल्हवी, गञ्जभवानीपुरसँग जोडिएको छ । यो कसरी जोडिएको छ वा कसरी जोड्न सकिन्छ ? यो नेतृत्वले हेर्ने दृष्टि वा उसले रच्ने सपनाको सृष्टिमा भर पर्छ ।

यहाँ कहिले कलैयाविरुद्ध सिमराको राजनीति गरियो । कहिले सिम्रौनगढ र निजगढबीच प्रतिस्पर्धाको तुस छरियो । अबको समयमा एउटा सहरसँग अर्को सहरलाई जुधाएर सहरहरुको विकास हुन सक्दैन । समतामूलक विकासको पहिलो सर्त हो- आपसी समन्वय, आन्तरिक समझदारी । कुनै बखत बारा जिल्लालाई तराईको हुम्ला भनेर कोही नेताविशेषले आफ्नो राजनीति चम्काए । तर, बाराको विकासमा लागि आधारभूत रुपमा के, कहाँ, कसरी गर्नुपर्ने हो, त्यो गर्न सकेनन् । कहिले उत्तर-दक्षिणको राजनीतिको कुरा गरियो । यसरी एक-अर्को क्षेत्रसँग दुरी वा निषेध राखेर पनि दिगो विकास हुन सक्दैन ।

यहाँ कोही वन फडाँनी गरेर विकासको सूर्य उदाओस् भन्ने चाहन्छन् । त्यो पनि भएन । चारकोसे झाडीको थोरै अंश बारा जिल्लामा मात्रै बाँचेको छ । बाराको वन मासियो भने यहाँका उर्वर खेतहरु बालुवाकरण हुन्छ । पानीको संकट गहिरिँदै जान्छ । त्यसैले वातावरणमैत्री विकास चाहिएको छ । चुरे वा जंगलको दोहन नगरेर पनि वैकल्पिक विकास के हुन सक्छ ? त्यसका लागि सोच्नुपर्ने बेला आएको छ ।

बारा जिल्लाको ठूलो विशेषता भनेको यहाँको बसोबासमा विविधता हो । विविधतायुक्त समाजले आफैँमा ठूलो आर्थिक सामर्थ्य राख्छ । जनशक्तिको अपार सम्पदालाई आर्थिक-सामाजिक रुपान्तरणमा कसरी फेर्ने ? अब त्यसको राजनीति हुनुपर्छ । घृणा वा निषेधको राजनीतिक प्रवृत्तिलाई त्याग गर्नुपर्छ ।

बारा जिल्लाको कुनै त्यस्तो भूभाग छैन, जहाँ कुनै जात वा वर्गको मात्र उपस्थिति होस् । बारा जिल्लाको जनसांख्यिक बनोटले पनि विभिन्न समुदायहरुका बीच परस्पर निर्भरतालाई प्रष्ट्याउँछ । यहाँको सद्भावले हाम्रो विकासको गतिलाई टेवा दिन्छ । परवानीपुरमा फराकिलो क्षेत्रफल ओगटेको सरकारी कृषि फर्म छ । त्यहाँ दुई दशकभन्दा बढी समयदेखि मैले कृषि विश्वविद्यालय स्थापनाको लागि जनमत निर्माण गर्ने प्रयास गर्दै आएको हुँ । हामीकहाँ कुनै अवधारणा ल्यायो भने त्यसको सम्मति वा विमतिमा तर्क राख्नुभन्दा उसलाई खुच्चिङ गर्ने प्रवृत्ति छ ।

यसले गर्दा कोही परिकल्पनाकारको तेजोवध हुनुभन्दा पनि सम्बन्धित योजनाको प्रक्रिया पछाडि पर्न जान्छ । अझै समय छ । तमाम सम्भावना बोकेको परवानीपुरमा कृषि विश्वविद्यालय स्थापना गरियोस् । त्यसैगरी डुमरवाना र सिमरामा औद्योगिक करिडोरको आवश्यकता अनुकूलको प्राविधिक शिक्षालय बनाइयोस् । अमलेखगञ्जमा रेल्वे संग्रहालय, जो नेपालको पहिलो हुनेछ, त्यो बनाउन सकिन्छ ।

छेवैमा पर्सा राष्ट्रिय निकुञ्जको आकर्षण छँदैछ । सिम्रौनगढ र गढीमाई जोडेर बृहत्तर सिम्रौनगढ क्षेत्र विकास समितिको अवधारणाअन्तर्गत संस्थागत विकासलाई अगाडि ल्याउन सकिन्छ । यहाँको तरकारी उत्पादन, माछा उत्पादन, जडिबुटी उत्पादन, नगदे बालीमा विविधीकरणका प्रयत्नहरुमा एउटा खास निगरानीको आवश्यकता छ, जहाँ यस्ता प्रयत्नहरुको लाभ मुठ्ठीभर मान्छेहरुभन्दा पनि बहुसंख्यक मानिसले पाउन सकून् । रोजगारीका लागि पलायन हुने स्थिति रोकियोस् ।

आफ्नै छेउछाउमा रोजगारी पाउने अवसर दिन सक्ने ताकत बारामा छ । लोकतन्त्र स्थापनाको आन्दोलनमा यो जिल्लाको आफ्नै पहिचान छ । सामाजिक न्यायका लागि भएको मधेश आन्दोलनको पहिचान बोकेको जिल्ला हो यो । अब यो जिल्ला आम मानिसको अनुहारमा उज्यालो छर्ने राजनीतिको जिल्ला हुनुपर्छ । यसका लागि एकीकृत विकासको बहस हुनुपर्छ । साझा दृष्टिकोणप्रति सबैको हातेमालो हुनुपर्छ । सबैको पहिचान र गरिमालाई सम्मान गर्दै आफ्नै बीचबाट उन्नतिका सूत्रहरु खोज्नुपर्छ ।

हामीले अहिलेसम्म कुनै नेताविशेषलाई जिताउने राजनीति गर्यौं । अब बाराली जनता जिताउने राजनीति हुनुपर्छ । बारा जिल्लाले समृद्धिका तमाम आधारहरु आफूमाझ राख्दाराख्दै किन समृद्धि पाउन सकेन ? यो प्रश्नको खोजी गर्ने राजनीति हुनुपर्छ । एक अर्काबीच तनाव छर्ने होइन, बरु जोड्ने, सपार्ने र ब्युँझाउने राजनीति हुनुपर्छ । -साभार: नेपालखबर


# अहिलेको बाँसबारी र अहिलेको बन्चरेडाँडा

सिसडोल र बन्चरेडाँडाका बासिन्दाले प्रतिरोध गरेको देख्दा अहिले बाँसबारी छालाजुत्ता कारखानाको फोहोरबाट पीडित बाँसबारीबासीको झझल्को आएको छ, जुन सधैं सास्ती सहेर बसे ।

उद्योगधन्दा, कलकारखानाको विषय आउँदा प्राय: सबैले लिने नाम हो, बाँसबारी छालाजुत्ता कारखाना । काठमाडौंको महाराजगञ्ज, बाँसबारीस्थित हाम्रो घरको उत्तर-पश्चिममा थियो, बाँसबारी कारखाना । चीनको सहयोगमा २०२२ सालमा छालाजुत्ता कारखाना स्थापना भयो । त्यतिवेला यो कारखानाले झण्डै पाँच सय जनालाई रोजगारी दिएको थियो । बिहान ९ बजे काम शुरू हुन्थ्यो । दिउँसो खाजा खाने समय १ बजे तोकिएको थियो भने साँझ ५ बजे काम सकिँथ्यो, कामदारले छुट्टी पाउँथे । तीनै समयमा टिङटिङ घण्टी बज्थ्यो । त्यससँगै प्रत्येक घण्टा समय जनाउने घण्टी पनि बज्थ्यो । टोलका बासिन्दाका लागि त्यही घण्टी समयको सूचक हुन्थ्यो । कारखानाका कर्मचारी बिहान हाम्रै बारीको छेउ भएर काममा जान्थे भने बेलुका त्यसै गरि लाम लागेर फर्कन्थे । घण्टीको आवाज नसुनेका या सुन्न नपाएका स्थानीय बासिन्दा त्यहि लाम देखेर समय खुट्याउँथे ।

सवारी साधनको सुविधा नहुने कर्मचारी हाम्रो खेतको बाटो प्रयोग गर्थे । अन्य कर्मचारी लिन ट्रकको पनि व्यवस्थ थियो । उत्तरको बुढानिलकण्ठ, दक्षिणको जावलाखेलसम्म ट्रक पुग्थ्यो । बिहान-बेलुका यी ट्रक आउने-जाने समयमा सडक भरिभराउ हुन्थ्यो । अन्य समय प्राय: सडक सामसुम झैं हुन्थ्यो । त्यस्तै, १२ बजे टुंडिखेलमा मध्याह्नको सूचक तोप पड्किन्थ्यो । त्यो तोपको आवाज बाँसबारीसम्म सुनिन्थ्यो । बुढापाका त्यहि सूचक अनुसार चल्थे । अहिले अमेरिकाको भर्जिनियास्थित उडब्रिजमा बसेर यो लेख्दा आफैलाई अचम्म लागेको छ ।

यसको सञ्चालनमा सहयोगार्थ आएका चिनियाँ कर्मचारीको लागि कारखानाको ठीक दक्षिणतिर २५ वटा जति स-साना आवासगृह बनाइएका थिए । उनीहरू जे पनि खाने भएकाले मेरा साथीहरू काग, चिल आदिको शिकार गरेर दिन्थे । त्यसको सट्टामा माओ अंकित ब्याज तथा पाउरोटी दिनेगर्थे । हामी त्यो पाउरोटी खान पाउँदा मख्ख पर्थ्यौं । ब्याज लगाएर हिड्थ्यौं । पछि सरकारले माओ अंकित ब्याज वितरणमा रोक लगायो । त्यतिवेला भने म जनकपुर पुगिसकेको थिएँ । बहुदलीय व्यवस्था आएपछि



वासु श्रेष्ठ



बाँसबारी छालाजुत्ता कारखाना निजीकरण गरियो । पछि २०५२ सालबाट त्यहि स्थानमा शहीद गंगालाल फदय केन्द्र स्थापना भयो । छालाजुत्ता कारखाना ईतिहास भयो । बाँसबारी छालाजुत्ता कारखानासँग अहिलेसम्म सबैले मोह देखाउँदै आए पनि स्थानीय बासिन्दाले भने सास्ती खेप्थे ।

कारखानाबाट फालिएको आलो छाला, बेलुका प्रशोधनबाट निस्किएको दुर्गन्ध मिश्रित धुँवा तथा प्रशोधन गरि मिल्काइएको रगत मिसिएको रातो पानी नजिकको खहरेमा फालिन्थ्यो । त्यो खहरेको दुषित पानी मण्डीखाटार हुँदै धोबीखोलामा मिसिन्थ्यो । खहरे छेउछाउका बालीनाली नष्ट हुन्थे ।

अझ बेलुका खाना खान बस्ने वेला सास्ती हुन्थ्यो । यो दुर्गन्ध टोलका घरघरमा प्रवेश गर्थ्यो । त्यतिमात्र नभई कारखानाको पछाडि पूर्वपट्टी पर्खालबाहिर प्रशोधनपछि फालिएका आलो छाला तथा अन्य अंगहरू जस्तै भुँडी, हाडमासु स्थानीय कुकुर तथा चिल, काग लगायत चराचुरुङ्गीले बोकेर घरका छाना, पाली, आँगनमा ल्याउने, खसाल्ने गर्थे । त्यसले झन फोहोर र दुर्गन्ध हुन्थ्यो । त्यतिवेला कसैले बाँसबारीको नाम लिँदा 'त्यो छाला गन्हाउने टोल' भनेर हियाउने गर्थे । त्यसले झन पीडा दिन्थ्यो ।

त्यो कारखानाका लागि उति वेलाको शहर असन, इन्द्रचोक, ठमेल, क्षेत्रपाटी लगायतका भित्री बस्तीका ब्यापारीबाट किनिएको राँगाको मासु, छाला लगायत कच्चा पदार्थको रुपमा ट्रकमा ओसारिन्थ्यो । त्यसबाट चुहिएको रगत सडक भरि हुन्थ्यो । केही समयपछि छोपेर, प्लास्टिकमा राखेर लग्ने व्यवस्था गरियो । कारखानाबाट टोलबासीले पाएको सास्तीबारे कतै गुनासो, उजुर बाजुर गरेको कहिल्यै सुनिनँ । पञ्जायचकालमा उजुरी गरेको नसुनिएको वा उजुरी गर्ने आँट कसैले नगरेको हुनसक्छ । व मैले थाहा नपाएको पनि हुनसक्छ । तर, त्यो अवस्थामा कहिल्यै सुधार आएन । सरकारले बाँसबारीबासीको दु:ख कहिल्यै हेरेन, सम्बोधन गरेन ।

ठ्याक्कै उस्तै नभए पनि अहिले सिसडोल र बन्चरेडाँडाका बासिन्दाले फोहोर ब्यवस्थापनप्रति गरेको प्रतिरोधले मलाई त्यहि बाल्यकालमा पुर्‍यायो । सिसडोल र बन्चरेडाँडाका बासिन्दाको जागरुकतालाई मैले कताकता आफ्नो बाल्यकालको सोहि समस्यासँग जोडेर हेर्दा प्रशंसा गर्न पुगें । अहिलेको जस्तो व्यवस्था हुन्थ्यो भने त्यतिवेला बाँसबारीबासी पक्कै पनि प्रतिरोध गर्थे होलान् । भलै अहिले डम्पिङ साइट बनाइएको छ । वैज्ञानिक तरिकाले फोहोर व्यवस्थापन गर्न खोजिएको छ । तर, समयमा योजना पूरा नहुँदा स्थानीय बासिन्दाले सास्ती खेपिरहेका छन् । अझ यसो भनौं सरकारले परोक्ष रुपमा सिसडोल र बन्चरेडाँडाबासीलाई दुख दिएको छ । अहिलेको यो फोहोर डम्पिङ साइट र त्यति वेलाको छालाजुत्ता कारखानाको त्यो डम्पिङ साइटमा भने केहि फरक छैन । फरक के छ भने त्यतिवेला बाँसबारीबासी सहेर बसे, अहिले बन्चरेडाँडाबासी बिरोधमा उत्रिएका छन् । यसलाई त्यहाँका जनतामा आफ्नो स्वास्थ्य लगायत हकअधिकारको लागि प्रतिकार गर्न जागरुक भएको ठानेको छु । तथापी, फोहोरमा राजनीति गर्नेहरूसँग भने सचेत हुनैपर्छ । स्थानीय बासिन्दाले पनि आ्नो स्वास्थ्यको ख्याल गर्दै फोहोरमा राजनीति गर्नेसँग सजग रहनुपर्छ । साथै स्थानीय सरकार, संघीय सरकार तथा सबै सरोकारवाला पनि यसप्रति चनाखो रहनुपर्छ ।

फोहोर व्यवस्थापनकै वाचा गरेर मेयरमा निर्वाचन बालेन्द्र साहलाई यो चुनौतिको रुपमा पहाड भएर खडा भएको छ । अहिले उनलाई यो समस्या सोचेजस्तो सहज रहेनछ भन्ने अनुभूति भइरहेको होला । तर, समाधान गर्न असम्भव भने पक्कै होइन । मात्र सम्बन्धित निकाय, जनताको एकापसमा संयोजन, बुद्धिमत्ता र प्रतिबद्धता अतिआवश्यक छ ।

फोहोरको यो फोहोरी राजनीति यथाशक्य चाँडो सुल्झियोस् । र, काठमाडौंलाई सफा र सुन्दर बनाउँदा सिसडोल तथा बन्चरेडाँडाका बासिन्दाको स्वास्थ्यको पनि ख्याल गरियोस् । -साभार: हिमालखबर

# नम्बर तीन पोजिसनमा जम्दै देव खनाल



काठमाडौं/ सन् २०१७ मा विश्वकप क्रिकेट लिग अन्तर्गत केन्या विरुद्ध कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेल तत्कालीन कप्तान पारस खड्काले चोटका कारण खेलेनन् । उनी टिममै थिए तर डगआउट मै बसेर खेल हेरे ।

पारस नहुँदा नयाँ खेलाडीले डेब्यु गर्ने अवसर पाए । त्यसबेला दीपेन्द्रले पारसकै स्थान चौथो नम्बरमा ब्याटिङ गरे । दीपेन्द्रसँगै डेब्यु गरेका सुनिल धमलाले ज्ञानेन्द्र मल्लसँग ओपनिङ गरेका थिए भने सागर पुनले वान डाउनमा खेलेका थिए ।

पारसको पुस्ता अब लगभग सकिएको छ । पारसले सन्यास नै लिइसके भने त्यसपछि कप्तान बनेका ज्ञानेन्द्र मल्ल पनि पछिल्लो समय टिममा पर्न छाडिसके । सुरुमा तेस्रो नम्बरमा ब्याटिङ गरेका ज्ञानेन्द्रले पछिल्ला केही वर्ष ओपनिङ समेत गरे ।

ओपनिङमा कुशल भुर्तेल र आसिफ शेखको जोडी जमेपछि ज्ञानेन्द्र फेरि नम्बर तीनमै पुगेका थिए । तर कप्तानबाट हटाइएपछि एउटा शृंखला मात्र खेलेका ज्ञानेन्द्र गत चैतमा घरेलु मैदानमा भएको पपुवा न्यु गिनीसँगको एकदिवसीय तथा पपुवा न्यु गिनी र मलेसिया विरुद्धको टी-२० त्रिकोणात्मक शृंखलामा टिममा परेनन् ।

जसरी पारसले नखेल्दा नयाँ खेलाडीले अवसर पाएर आफूलाई प्रमाणित गरेका थिए, अहिले ज्ञानेन्द्र टिममा नहुँदा ठिक त्यसैगरी नयाँ खेलाडीले नम्बर तीनमा ब्याटिङ गर्ने अवसर पाएका छन् । उनी हुन् रुपन्देहीका १७ वर्षीय युवा ब्याटर देव खनाल । पीएनजीसँगको एकदिवसीय शृंखलाबाटै डेब्यु गरेका देव खनालले पछिल्लो समय यस फर्म्याटमा वान डाउनमा ब्याटिङ गर्दै आएका छन् । टी-२० शृंखलामा भने रोहित पौडेलले वान डाउनमा ब्याटिङ गरेका थिए । एकदिवसीयमा भने देवले नै निरन्तरता पाएका छन् । उनले अहिलेसम्म जम्मा चार वटा एक दिवसीय खेल्दा दुई अर्धशतक प्रहार गरिसकेका छन् । कीर्तिपुरमा पीएनजी विरुद्ध डेब्यु गर्दा ६ बल खेल्दै शुन्यमा आउट भएका देवले पीएनजीसँगको दोस्रो खेलमा ७२ रन बनाए ।

डेब्यु शृंखलामा राम्रो गरेपछि उनले लिग टु खेल्ने टिममा पनि स्थान बनाए । हाल अमेरिकामा भइरहेको लिग टु को दुई खेलमा पनि उनले राम्रो गरिरहेका छन् । पहिलो खेलमा ओमान विरुद्ध ३४ रन बनाएका उनले दोस्रो खेलमा अमेरिका विरुद्ध ५४ रन बनाए । अमेरिकामा घरेलु टोलिवरुद्धको खेलमा देव ।

पहिलो खेलमा ओपनर सुबास खकुरेल आउट भएपछि क्रिजमा पुगेका देवले अर्का ओपनर सुनिल धमलासँग ३३ रनको साझेदारी गरेका थिए । त्यसपछि रोहित पौडेलसँग ३१ रनको साझेदारी गरे । देवले ५३ बल खेल्दा ५ चौका पनि प्रहार गरेका थिए । उक्त खेलमा नेपालका लागि आरिफ शेखले सर्वाधिक ६६ रन बनाएका थिए तर नेपाल १३ रनले पराजित भएको थियो । दोस्रो खेलमा नेपालले अमेरिकासँग बराबरी गर्दा तीन खेलाडीले अर्धशतक प्रहार गरे । जसमा देवले ६९ बल खेल्दै ३ चौका मद्दतमा ५४ रन बनाए । यसै खेलबाट एकदिवसीयमा डेब्यु गरेका देवका यू-१९ टिम मेट आदिल अन्सारीले अन्तिम ओभरमा शानदार बलिङ गर्दै ६ रन रक्षा गरेपछि नेपालले नाटकीय रुपमा खेल बराबरी गरेका थिए । देवले पनि तीन नम्बर पोजिसनलाई न्याय गर्दै ब्याटिङ गरिरहेका छन् । विशेष गरी तेस्रो नम्बरका ब्याटरको काम ओपनर छिटो आउट हुँदा सम्हालिएर इनिङ्स अघि बढाउन हुन्छ । त्यसमा देव चुस्त देखिन थालेका छन् ।

पारस पुस्ता सकिएपछि अहिले राष्ट्रिय टिममा नयाँ पुस्ताको बाहुल्य छ । ग्लोबल स्टार सन्दीप लामिछानेले नेतृत्व गरेको टिममा उनी भन्दा अघि डेब्यु गरेका विनोद भण्डारी सोमपाल कामी, आरिफ शेख र करण केसी मात्र छन् । विनोद नियमित टिममा पर्न छाडिसकेका छन् । यस्तै दीपेन्द्र सिंह ऐरी र रोहित पौडेल राष्ट्रिय टिमको मुख्य हिस्सा बनिसक्दा ओपनिङमा कुशल र आसिफले आफ्नो स्थान बनाइसकेका छन् । यसमा अब थपिएका छन् देव खनाल ।

देवलाई लामो समयका लागि नेपाली टिममा खेल्न सक्ने र अहिले देखिएको ब्याटिङको समस्यालाई समाधान गर्न सक्ने खेलाडीको रुपमा हेरिएको छ । उनको सट सेलेक्सनदेखि टेक्निक पनि राम्रो छ । त्यसैले अब देव 'लङ' रेसको घोडा बन्न सक्छन् । देवले ४ एकदिवसीयमा १६० रन बनाएका छन् ।

***उमेर समूहमा खारिएका देव : ओपनरदेखि तेस्रो नम्बरसम्म***

गत पुसमा नेपाल क्रिकेट संघ (क्यान) ले लामो समयपछि यू-१९ राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा देव लुम्बिनी प्रदेशको कप्तान थिए । लुम्बिनीलाई उपाधि जिताएका देवले प्रतियोगितामा चार अर्धशतसहित सर्वाधिक ३३४ रन बनाए । उनी प्रतियोगिताको उत्कृष्ट ब्याटर समेत बने । त्यही प्रतियोगितालाई आधार मानेर युएईमा भएको यू-१९ एसिया कपका लागि टिम छनोट गरियो । लुम्बिनीलाई आफ्नै नेतृत्वमा उपाधि जिताएका र मैदानमा उस्तै प्रदर्शन गरेका देव नै यू-१९ राष्ट्रिय टिमको कप्तान बने । यू-१९ एसिया कपमा भने देवको ब्याट खासै चलेन । उनले त्यहाँ तीन खेलमा कूल ४५ रन बनाए ।


देवले लुम्बिनी प्रदेशको सिनियर टिमबाट प्रधानमन्त्री कप टी-२० क्रिकेट खेले । जसमा उनले ओपनिङ गरेका थिए । चार खेलमा दुई अर्धशतकसहित देवले १५८ रन बनाएका थिए । सर्वाधिक रन बनाउनेमा चौथो स्थानमा रहेका उनी आसिफ शेख, प्रदीप ऐरी र कुशल भुर्तेल भन्दा पछि थिए ।

त्यसभन्दा अघिल्लो प्रधानमन्त्री कप ५० ओभरको भएको थियो । त्यसमा देवले नेपाल पुलिस विरुद्धको डेब्यु खेलमै ४९ रन बनाए । त्यसबेला चौथो नम्बरमा ब्याटिङ गरेका देव पछि भने ओपनिङमा आए । उनले यू-१९ राष्ट्रिय प्रतियोगिता, यू-१९ एसिया कप र पछिल्लो प्रधानमन्त्री कपमा ओपनिङ नै गरेका थिए । समस्याको रुपमा रहेको नेपालले ओपनिङ जोडीका रुपमा कुशल र आसिफलाई पाउनु अनी ज्ञानेन्द्र मल्ल पनि टिममा नभएपछि देवले सिनियर टिममा तेस्रो नम्बरमा ब्याटिङ गर्ने अवसर पाए ।

अमेरिका भइरहेको लिग टू शृंखलामासमेत दुई नियमित ओपनर घाइते भएपछि नेपालले सुबास खकुरेललाई अमेरिका झिकाएर सुनिल धमलासँग ओपनिङ गराउँदै देवलाई तेस्रो नम्बरमै खेलाएको छ । यसबाट प्रशिक्षक र टिम म्यानेजमेन्टले देवलाई तेस्रो नम्बरमै तयार पार्न चाहेको देखिन्छ ।

-साभार: अनलाइनखबर

# अन्तर्राष्ट्रिय बजार मूल्यको उतारचढावले समयमै मल ल्याउन सकिएन: कृषिमन्त्री यादव



काठमाडौं/ कृषि तथा पशुपंक्षी विकासमन्त्री महिन्द्र राय यादवले अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्यमा आएको उत्तारचढावका कारण समयमै मल ल्याउन नसकिएको बताएका छन् ।

सोमबारको प्रतिनिधिसभा बैठकमा संसद्को कार्यसूचीलाई स्थगन गरी किसानलाई मल उपलब्ध गराउने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा सांसदहरुले उठाएको प्रश्नको जवाफ दिँदै यस्तो बताएका हुन् । उनले नेपाली किसानलाई मल उपलब्ध गराउनेविषय सबै राजनीतिक दलहरु समेतको साझा भएको बताए । कृषि सामग्री कम्पनी लिमिटेडले एक लाख पाँच हजार मेट्रिक टन र साल्ट ट्रेडिङ कम्पनीले एक लाख १७ हजार मेट्रिक टन रासायनिक मल ल्याउने प्रक्रिया सुरु गरे पनि समयमै ल्याउन नसकिएको उनले बताए ।

मन्त्री यादवले २ लाख २२ हजार मेट्रिक टन मल ल्याउने प्रक्रियामा नै रहे पनि समयमै आपूर्ति हुन नसक्दा बजारमा अभाव भएको दाबी गरे । समयमै मल आपूर्ति गर्ने ठेकेदारले मल ल्याउन नसकेकाले सरकारले ठेकेदारको ठेक्का रद्द गरी आवश्यक कारबाहीको प्रक्रियासमेत सुरु गरिएको उनले बताए । मन्त्री यादवले साल्ट ट्रेडिङ कम्पनीले ल्याएको २० हजार मेट्रिक टन डीएपी, २२ हजार मेट्रिक टन युरिया असारको अन्तिम हप्तादेखि प्राप्त हुने सम्भावना रहेको बताए ।

गभर्मेन्ट टु गभर्नमेन्ट (जीटुजी)को माध्यमबाट भारतबाट मल खरिद गर्नका लागि अहिले डेढ लाखमध्येमा ५० हजार मेट्रिक टन युरिया र ३० हजार मेट्रिक टन डीएपी असारको अन्तिमसम्म आउने मन्त्री यादवले बताए । युरिया, डीएपी र पोटास मल किसानलाई सुलभ मूल्यमा उपलब्ध गराउन सरकारले १५ अर्ब अनुदान दिएको र थप मल आयात गर्न २ पटक गरी १२ अर्ब ७२ करोड रुपैयाँको स्रोत सुनिश्चित गरिएको उनले बताए ।

'मल खरिद गर्ने साल्ट ट्रेडिङ कम्पनीबाट २० हजार मेट्रिक टन डीएपी मल प्राप्त भएको छ । २२ हजार मेट्रिक टन युरिया असारको अन्तिम हप्तादेखि प्राप्त हुने सम्भावना छ । कृषि सामग्रीले ३० हजार मेट्रिक टन युरिया असारको दोस्रो हप्तादेखि प्राप्त हुनेछ । २० हजार मेट्रिक टन डीएपी असारको तेस्रो हप्तादेखि प्राप्त हुने सम्भवना छ । जीटुजीको माध्यमबाट भारतबाट मल खरिद गर्नका लागि अहिले डेढ लाख मध्येमा ५० हजार मेट्रिक टन युरिया ३० हजार मेट्रिक टन असारको अन्तिमसम्म आउने सम्भवना छ ।

मल आपूर्तिका लागि कृषि सामग्री कम्पनी लिमिटेडले १ लाख ५ हजार मेट्रिक टन र साल्ट ट्रेडिङले १ लाख १७ हजार मेट्रिक टन गरी २ लाख २२ हजार मेट्रिक टन रासायनिक मल ल्याउन खोजिएकोमा समयसीमाभित्र आपूर्तिकर्ताले उपलब्ध गराउन नसक्दा अभाव देखिएको छ । समयमै आपूर्ति गर्न नसक्ने कम्पनीहरुसँगको ठेक्का रद्द गरी कारबाही प्रक्रिया थालिएको छ । युरिया, डीएपी र पोटास मल किसानलाई सुलभ मूल्यमा उपलब्ध गराउन सरकारले १५ अर्ब अनुदान दिएको र थप मल आयात गर्न २ पटक गरी १२ अर्ब ७२ करोड रुपैयाँको स्रोत सुनिश्चितता भएको छ,' उनले भने ।

मन्त्री यादवले भारतसँग भएको जीटुजी प्रक्रिया पूरा गरेर असार मसान्तसम्म सरकारले मल उपलब्ध गराउने तयारीमा रहेको बताए । नेपालमा नै मल उत्पादन गर्ने उद्योग स्थापनाका लागि सरकारले अध्ययन गरिरहेको पनि मन्त्री यादवको भनाइ थियो । -साभार: इकान्तिपुर

# *'कबड्डी ४'ले बौद्ध धर्मको मानमर्दन गरेको भन्दै काठमाडौं प्रशासनमा उजुरी*



काठमाडौं/ 'कबड्डी ४' फिल्मले बौद्ध धर्मको मानमर्दन गरेको भन्दै जिल्ला प्रशासन कार्यालय काठमाडौंमा उजुरी परेको छ । रोविनकुमार लामाले सोमबार फिल्मविरुद्ध उजुरी दर्ता गराएको प्रशासनका सूचना अधिकारी दीपक पौडेलले जानकारी दिए ।

निवेदक लामाले फिल्मको प्रदर्शन रोक्न समेत माग राखेका छन् । उनले दृश्य काँटछाँट गर्न पनि माग गरेका छन् । निवेदनमा सेन्सर बोर्ड र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई विपक्षी बनाइएको छ ।

उजुरीमा लामाले उल्लेख गरेका छन्, 'कबड्डी ४ चलचित्रको मूल कथावस्तु र प्रस्तुतिका दृश्यहरु बौद्ध धर्मावलम्बी लामा भिक्षु वर्ग, सनातन बौद्ध सम्प्रदाय विशेषको मानमर्यादामा गम्भीर हानी नोक्सानी पुऱ्याई अपहेलित गर्ने साथै सामाजिक सुसम्बन्धमा विरोध पर्ने प्रकृतिको रही सार्वजनिक हित सदाचार वा नैतिकताको प्रतिकूल असर पर्ने विषय समावेश हुँदाहुदै चलचित्र निर्माण, प्रदर्शन तथा वितरण ऐन, २०२६ को दफा ८ को उपधारा ४ बमोजिम हटाउन लगाई काँटछाँट वा हेरफेर गर्ने आदेश जारी गरी पाऊँ ।'

रामबाबु गुरुङ निर्देशित फिल्मले प्रदर्शनको १६ दिनसम्म २० करोड रुपैयाँ बढी ग्रस कमाइ गरेको छ । -साभार: अनलाइनखबर

# एसीसी ट्वान्टी-२० च्याम्पियनसिपका लागि नेपाली टोलीको घोषणा



काठमाडौं/ नेपाल क्रिकेट संघ (क्यान)ले एसीसी महिला ट्वान्टी-२० च्याम्पियनसिपका लागि सोमबार १५ सदस्यीय टोली घोषणा गरेको छ । क्यानले रुबिना क्षेत्रीको कप्तानीमा टोली घोषणा गरेको हो ।

क्यानले यसअघि प्रारम्भिक चरणमा १९ खेलाडीलाई बोलाएर बन्द प्रशिक्षण गराएको थियो । उनीहरूमध्येबाट १५ खेलाडी छनोट भएका हुन् । मलेसियामा जुन १७ देखि २५ सम्म हुने प्रतियोगितामा १० टोलीले प्रतिस्पर्धा गर्नेछन् । त्यसमा आयोजक मलेसियासहित नेपाल, बहराइन, भुटान, हङकङ, कुवेत, सिंगापुर, ओमान, कतार र संयुक्त अरब इमिरेट्स (यूएई) छन् ।

सहभागी १० टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । नेपाल रहेको समूह 'बी'मा बहराइन, भुटान, हङकङ र कुवेत छन् । यस्तै, समूह 'ए'मा मलेसिया, ओमान, कतार, सिंगापुर र यूएई छन् । -साभार: बाह्रखरी

# कर छली आरोपमा चार जनाविरुद्ध मुद्दा




काठमाडौं/ कर छली गरेको आरोपमा राजस्व अनुसन्धान विभागले चार जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

भारतबाट चोरी पैठारी गरी नेपालमा मालवस्तु भित्र्याई विभिन्न ठाउँमा बेच्ने र बिक्री गर्दा सरकारलाई तिर्नुपर्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर र आयकर समेत नतिरी राजस्व चुहावटको कसुर गरेको भन्दै विभागले चार जनाविरुद्ध उच्च अदालत पाटनमा मुद्दा दायर गरेको हो । यसरी मुद्दा दायर गरिएकाहरुमा अर्घाखाँची छत्रदेव २ स्थायी घर भई रुपन्देही बस्ने नसिपदिन मियाँ, पाल्पा रिब्दीकोट २ घर भई बुटवलको कारोबार हेर्ने शंकरप्रसाद आचार्य (मालिका ढुवानी सेवा), रुपन्देही सिद्धार्थनगर १ की रेखा जैसवाल (न्यू मनकामना सप्लायर्स) र भारत दिल्ली गान्धिनगर घर भई काठमाडौं १ मा बस्ने आशिष सिंह छन् । यी चारै जनालाई एक करोड ३८ लाख ५५ हजार रुपैयाँ बिगो कायम गरी बिगोको शतप्रतिशत जरिवाना गर्न विभागले माग गरेको छ । त्यस्तै जैसवाल, मियाँ र सिंहलाई थप ९ करोड २१ लाख ९५ हजार रुपैयाँ बिगो कायम गरी शतप्रतिशत जरिवाना माग गरिएको छ । -साभार: इकान्तिपुर

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# चीनको लकडाउनले आइफोन १४ को लञ्चमा ढिलाइ



काठमाडौं/ एप्पलले आफ्नो नयाँ संस्करणको आइफोन सार्वजनिक गर्ने तयारी गरिरहेको छ । आइफोनको नयाँ संस्करण आइफोन १४ लञ्च गर्ने तयारी गरिरहेको एप्पलका लागि चीनको लकडाउन भने टाउको दुखाइ बनिरहेको छ ।

एक रिपोर्ट अनुसार चीनका विभिन्न सहरमा भएको कोरोना महामारीको लकडाउनका कारण आइफोन १४ र आइफोन १४ प्रो का लागि आवश्यक प्यानलको अभाव भएको छ ।

स्मार्टफोन प्यानलको अभावका कारण आइफोन १४ सिरिजको उत्पादनमा समस्या पर्नसक्ने बताइएको छ । यसले आइफोन १४ सिरिजको लञ्चिङमा ढिलाइ हुने सम्भावना बढेको छ ।

समाचार अनुसार एप्पलले आगामी सेप्टेम्बरमा आइफोन १४, आइफोन १४ प्रो, आइफोन १४ म्याक्स र आइफोन १४ प्रो म्याक्स लञ्च गर्ने योजना बनाएको छ । जुलाई उल्लेखित आइफोनहरूको उत्पादन सुरु हुने बताइएको छ । तर, त्यसअघि नै चीनमा कोरोनाका कारण विभिन्न सहरका लकडाउन भयो, जसको असर नयाँ आइफोनको उत्पादनमा पनि परिरहेको छ ।

आइफोन १४ प्रो मोडलमा ए १६ बायोनिक चिप रहनेछ । त्यस्तै आइफोन १४ र आइफोन १४ म्याक्समा भने ए १५ बायोनिक चिप हुनेछ । यी दुवै प्रोसेसर निकै फास्ट चल्दछन् । ए १५ बायोनिक चिप हाल आइफोन १३ मा प्रयोग भैरहेको छ ।

एप्पलले आइफोन १४ सिरिजबाट डिस्प्लेको नचपनि हटाउने सम्भावना रहेको बताइएको छ । एप्पलले आइफोन १४ मिनीको उत्पादन गर्नेछैन र त्यसको साटो आइफोन १४ म्याक्स बजारमा ल्याउनेछ । - एजेन्सी

# वन्यजन्तुका कारण हवाइ सेवा असुरक्षित



काठमाडौं/ विमानस्थलमा वन्यजन्तुका कारण हवाइ सुरक्षामा चुनौती र जटिलता थपिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गत असोजमा गठन गरेको उडान छानबिन समितिको प्रतिवेदनअनुसार पछिल्ला वर्ष चराचुरुंगी र जनावरका कारण हवाइ सेवा असुरक्षित बनेको छ ।

विमानस्थलमा चराचुरुंगी र वन्यजन्तुका कारण पछिल्ला वर्ष हवाइ घटना/दुर्घटना बढेका छन् । प्रतिवेदनअनुसार गत तीन वर्षमा १५ वटा विमानस्थलमा चराका कारण एक सय २३ वटा हवाइ घटना भएका छन् । जसमा सबैभन्दा धेरै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यस्तो घटना भएको देखिन्छ ।

उक्त विमानस्थलमा चराचुरुंगीका कारण सन् २०१९ मा १९ वटा घटना भएको थियो भने सन् २०२० मा ९ वटा र सन् २०२१ मा २१ वटा घटना भएको छ । यही अवधिमा २ पटक जनावरसँग ठोक्किएर हवाइ घटना भएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, दुर्घटनाको दोस्रोमा पोखरा विमानस्थल रहेको छ । यो विमानस्थलमा चराका कारण तीन वर्षमा ९ पटक घटना भएका छन् । त्यस्तै भैरहवा, भरतपुर, लुक्ला, जनकपुर, विराटनगर, नेपालगञ्ज, बाजुरा, सुर्खेत, चन्द्रगढी, धनगढी, राजविराज, सिमरा र रामेछाप लगायतका विमानस्थलमा चराका कारण हरेक वर्ष हवाइ घटना/दुर्घटना हुने गरेको छ ।

सामान्यतया अवतरण र धावनमार्गबाट उड्ने क्रममा वन्यजन्तुसँग ठोक्किने र टेकअफ, ल्यान्डिङका क्रममा चराचुरुंगीका कारण हवाइ जोखिमको सामना गर्नुपर्नेछ ।

त्यस्तै, यही अवधिमा जनावरका कारण देशभरका ९ वटा विमानस्थलमा ४४ वटा हवाइ घटना भएका छन् । उक्त समितिले निकालेको प्रतिवेदनअनुसार जनावरका कारण सबैभन्दा धेरै घटना हुनेमा भैरहवा विमानस्थल रहेको छ ।

यो विमानस्थलमा जनावरका कारण तीन वर्षमा १३ वटा घटना भएका छन् । त्यस्तैगरी, नेपालगञ्ज विमानस्थलमा ११ वटा, विराटनगर विमानस्थलमा १० वटा घटना घटेका छन् ।

-साभार: सेतोपाटी

# रासायनिक मलको सहज उपलब्धता हुनुपर्ने माग गर्दै ज्ञापन पत्र

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ रासायनिक मलको सहज उपलब्धता हुनुपर्ने माग गर्दै अखिल नेपाल किसान महासंघ मकवानपुरले प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेलाई ज्ञापनपत्र बुझाएको छ ।

महासंघले सोमबार किसानहरुले मुख्य बाली लगाउने समयमा देशभरि नै रासायनिक मलको चरम अभाव भएको भन्दै मलको सहज उपलब्धता गराउन तथा बढ्दो महंगी नियन्त्रण गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको हो ।

समयमा मल उपलब्ध नहुँदा कृषि उत्पादनमा आँच आउन सक्ने भएकोले यथाशीघ्र मलको उपलब्धता हुनुपर्ने महासंघको भनाइ छ । रासायनिक मलको अभाव र बढ्दो महंगीको मारमा किसानहरु परेको महासंघले प्रजिअ पाण्डेमार्फत् प्रधानमन्त्रीलाई बुझाएको ज्ञापनपत्रमा उल्लेख छ ।

ज्ञापनपत्रमा दैनिक उपभोग्य बस्तु, पेट्रोलियम पदार्थ, निर्माण सामाग्री, सवारी साधनको भाडा, सामान ढुवानी, शिक्षा तथा अन्य आधारभूत आवश्यकताका वस्तु र सेवाको मूल्य बृद्धि भएको उल्लेख गरिएको छ ।

सरकार महंगी नियन्त्रण गर्न, पेट्रोलियम पदार्थमा भएको मूल्य घटाई उपभोक्तालाई राहत दिन र रासायनिक मलको सहज आपूर्ति गर्न असक्षम भएको आरोप पनि महासंघले लगाएको छ । कृषि क्षेत्रमा राज्यले देखाएको उदाशिनता र किसानलाई उचित प्रोत्साहनको अभावका कारण कृषि उत्पादन र उत्पादकत्व घट्न गई आर्थिक बृद्धि, रोजगारी सिर्जना, गरिबी निवारणसमेतका अर्थतन्त्रका अन्य आयाममा समेत त्यसको प्रभाव पर्ने ज्ञापनपत्रमा जनाइएको छ ।

अखिल नेपाल किसान महासंघले रासायनिक मलको आपूर्तिमा भएको चरम अभावको अन्त्य गरी गुणस्तरीय मल समयमा सहज ढंगले उपलब्ध गराउन, इन्धनमा भएको मूल्यबृद्धि घटाउन र किसान र कृषि क्षेत्रसँग सम्बन्धित ११९ शुत्रीय मागहरु अबिलम्ब पूरा गर्न जोडदार माग गरेको छ ।

दोस्रो चरणमा मंगलबार मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको छ । समयमा नै रासायनिक मल सहज नभएमा आन्दोलनमा जानेसमेत अखिल नेपाल किसान महासंघले जनाएको छ । महासंघले तेस्रो चरणमा मल आपूर्ति गर्ने नेपाल सरकारका निकायहरु साल्ट ट्रेडिङ कर्पोरेसन र कृषि सामाग्री कम्पनीका डिपोहरुमा तालाबन्दी गर्ने, स्थानीय समस्याहरु समेत उठाउँदै रचनात्मक ढंगले आन्दोलन गर्ने समेत चेतावनी दिएको छ ।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य सम्राट तुम्बाहाङ्फे, केन्द्रीय सदस्य सुस्मिता घोरासैनी, रामहरि बिष्ट र बिष्णुमाया रुम्बालगायतको उपस्थिति थियो ।

# बागमती प्रदेशको प्रदेशसभा बैठक आज बस्दै

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ बागमती प्रदेशको प्रदेशसभा बैठक आज मंगलबार बस्दैछ । प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट आउनु एकदिन अघि प्रदेशसभा बैठक बस्न लागेको हो । आज मंगलबार दिउँसो २ बजे बस्ने बैठकको लागि ६ वटा कार्यसूची रहेको प्रदेशसभाका सचिव कृष्णहरि खड्काले जानकारी दिए ।

उनले आजको बैठकमा मूख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले प्रदेश लोकसेवा आयोगको ०७७/०७८ को वार्षिक प्रतिवेदन पेश गर्ने, प्रदेश मामिला समितिका सभापति माधव पौडेल, अर्थ तथा विकास समितिका सभापति नारायणबहादुर सिलवाल, शिक्षा, स्वास्थ्य तथा कृषि समिति सभापति केशवप्रसाद पोखरेल र उद्योग पर्यटन तथा वातावरण समितिका सभापति रमा आलेले आफ्नो समितिको वार्षिक प्रतिवेदन पेश गर्ने कार्यसूची रहेको बताए ।

सोमबारको बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्कट्टेलले आर्थिक सर्वेक्षण २०७८/७९ पेश गर्नेछन् । बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट असार १ गते बुधबार आउँदैछ । आगामी आर्थिक वर्षमा १० अर्ब रुपैयाँसम्म बजेटको आकार बृद्धि गर्ने प्रदेश सरकारको तयारी छ ।

# समाजवाद उन्मुख हुने गरी काम गर्न मुख्यमन्त्री पाण्डेको आग्रह

साझाकुरा संवाददाता




हेटौंडा, ३० जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले समाजवाद उन्मुख अर्थतन्त्र निर्माण हुने गरी काम गर्न प्रदेश अन्तर्गत्का स्थानीय तहहरुलाई आग्रह गरेका छन् ।

बागमती प्रदेशका ११९ वटा स्थानीय तहका प्रमुख र उपप्रमुखका लागि सोमबार र आज मंगलबार गरी दुई दिनसम्म हेटौंडामा चल्ने अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै उनले संविधानमा उल्लेख गरिएको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण हुने गरी काम गर्न आग्रह गरेका हुन् ।

मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले गरिब तथा सामाजिक विभेदमा परेकाहरुको उत्थान हुने खालको नीति तथा कार्यक्रम ल्याएको उल्लेख गर्दै त्यसैसँग जोडेर बजेट ल्याउन पनि स्थानीय तहहरुलाई आग्रह गरे । उनले एकल महिला, दलित, लोपोन्मुख, सीमान्तकृत समुदाय, अपांगता भएका महिलाहरुको सशक्तिकरणका लागि सीप, पूँजी र प्रविधिको उपयोग गरिने कुरालाई स्थानीय सरकारले पनि विशेष रुपले अघि बढाउनुपर्नेमा मुख्यमन्त्री पाण्डेले जोड दिए ।

मुख्यमन्त्री पाण्डेले स्थानीय तहमा डोजरे विकास मौलाएको भन्दै चिन्ता व्यक्त गरे । उनले जनप्रतिनिधिलाई डोजरे विकासबाट बाहिर निस्किन पनि आग्रह गरे । मुख्यमन्त्री पाण्डेले असार १० गते स्थानीय तहले ल्याउने बजेटमा प्रदेशको नीति तथा कार्यक्रममा समावेश भएका योजनाहरुलाई समेत समेट्न आग्रह गरे ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजना र प्रदेश सुशासन केन्द्र वागमती प्रदेशको समन्वयमा हेटौंडामा प्रदेशभरका स्थानीय तहका प्रमुख र उपप्रमुखका लागि दुई दिने तालिमको आयोजना गरिएको हो ।

तालिममा स्थानीय सरकार सञ्चालन र विकास सम्बन्धी प्रक्रिया र कानुनको विषयमा उनीहरुलाई जानकारी गराइनेछ ।

# डिल्लीपुरमा आवाश अधिकारबारे बहस

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ मकवानपुरको मनहरी गाउँपालिका-५ डिल्लीपुरमा नागरिकको आवाशको अधिकारसम्बन्धी अन्तरक्रियाको आयोजना गरिएको छ । ईन्सेकको मानवअधिकार समूहको आयोजनामा भएको कार्यक्रममा वाडाअध्यक्ष दीपेन्द्र अधिकारीले स्थानीय सरकारले आवाशको अधिकार सुनिश्चित गर्ने बिभिन्न कार्यक्रम संचालन गरिरहेको जानकारी दिएका छन् ।

खरको छानो भएको २२ घरधुरीलाई खरको छानोमुक्त गर्ने काम गरिएको र ७१ घरधुरीलाई गरिब परिवारको सूचीमा सूचिकृत गरिएको वडाध्यक्ष अधिकारीले जानकारी दिए । शिक्षा र स्वास्थ्यको अधिकारका बारेमा पनि वडापालिकाले काम गरिरहेको उनले बताए ।

मानवअधिकार समूहकी संयोजक बिमला गोपालीको सभाध्यक्षतामा भएको कार्यक्रममा मनहरी-५ का वडा सदस्यहरु बुद्धिबहादुर स्याङ्तान, संजीता परियार, सरला थापाले नागरिकले शिक्षा, स्वास्थ्य, आवाशको अधिकार सुनिश्चित भएको महशुस गर्ने गरी काम गरिने जानकारी दिएका छन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले आगामी आर्थिक वर्षमा ५ लाख परिवारलाई लालपूर्जा वितरण गर्ने तयारी भएको बताइरहेको समयमा मनहरीमा पनि केही समयभित्र लालपूर्जा बितरण गरिने बताइएको छ । हाल नेपालमा करिब १४ लाख भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासी रहेका छन् ।

सुकुम्बासी आयोगमार्फत् आगामी वर्ष ३०० स्थानीय तहका ५ लाख परिवारलाई जग्गाधनी पूर्जा वितरण गर्ने तयारी सरकारले गरिरहेको बताइएको छ ।

कार्यक्रममा भोजसिद्ध मावि ब्यवस्थापन समिति अध्यक्ष गजाधर सुबेदी, प्रधानाध्यापक महेश रिजाल, पशुपतिनाथ मावि ब्यवस्थापन समिति अध्यक्ष माधब गौतम, प्रधानाध्यापक भानुभक्त आचार्य, मनहरी- ५ वडासचिव शान्तिमाया हिमडुङ, स्वास्थ्य ईन्चार्ज रेखा मगरलगायतले बोलेका थिए ।

# सुख समृद्धि सहकारीको तीनदिने अध्ययन अवलोकन भ्रमण

हेटौंडा, ३० जेठ/ हेटौंडा उपमहानगरपालिका-१० राप्तिरोडस्थित सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेडले तीनदिने सहकारी अध्ययन अवलोकन भ्रमण गरेको छ ।

अन्य जिल्लामा रहेको सहकारीहरुले गरिरहेको कामको अध्ययन गर्न सहकारीले तीनदिने अध्ययन अवलोकन भ्रमण गरेको हो । सहकारीको पदाधिकारी, कार्यसमिति, कर्मचारी तथा शेयर सदस्यको टोली हेटौंडा हुँदै ईलामसम्म पुगेको थियो । जेठको २५ गतेबाट २७ गतेसम्म नेपालको पुर्वाञ्चल क्षेत्रमा सहकारी भ्रमण गरेको सहकारीका व्यवस्थापक दीपक सेवाले जानकारी दिए । भ्रमणमा सहकारीका अध्यक्ष रेनु ज्ञवाली, उपाध्यक्ष जीत बहादुर श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

# बस र अटो एकआपसमा ठोकिँदा एक जनाको मृत्यु




साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ पूर्व-पश्चिम राजमार्ग सडकखण्ड अर्न्तगत् हेटौंडा-१५ रातोमाटेमा बस र अटो आपसमा ठोकिँदा एक जनाको मृत्यु भएको छ ।

चितवनबाट वीरगञ्जतर्फ जाँदै गरेको प्रदेश २-३-००१ ख २४२ नम्बरको बसले विपरित दिशाबाट आउँदै गरेको ना. २ ह ६४ नम्बरको अटोलाई ठक्कर दिँदा एकजनाको मृत्यु भएको हो । मृत्यु हुनेमा अटो चालक बारा जिल्ला रतनपुरका २४ वर्षीय मिलन सुनार रहेको मकवानपुर प्रहरीले जनाएको छ । दुर्घटनापश्चात् उपचारको क्रममा चुरेहिल हस्पिटलमा उनको मृत्यु भएको हो ।

अटोमा सावर हेटौंडा-१२ का ३५ वर्षीय शुवा सुनार घाइते भएको जनाइएको छ । घाइते सुनारको हेटौंडाको चुरेहिल हस्पिटलमा उपचार भइरहेको छ । दुर्घटना गराउने बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# हेटौंडाको मुख्य बजार क्षेत्रमा साइकल लेन निर्माण



हेटौंडा, ३० जेठ/ साइकलको प्रयोगलाई संस्कृतिकै रुपमा विकसित गर्न हेटौंडाको मुख्य बजार क्षेत्रमा साइकल लेन निर्माण गरिएको छ ।

हिमालयन राइडर्स सोसाइटीले हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा साइकल लेन निर्माण गरेको हो । हेटौंडाको मुख्यबजार क्षेत्र बुद्धचोकदेखि पूर्व-पश्चिम, उत्तर-दक्षिण चारैतर्फ चार सय २ वर्गमिटर बराबरको करिब ५६ वटा साइकल लेन बुझाउने संकेत चित्र तयार पार्ने काम भइरहेको छ । मंगलबार बिहानसम्ममा साइक लेन निर्माण कार्य पूरा हुने हिमालयन राइडर्स सोसाइटीका अध्यक्ष चेतनाथ आचार्यले जानकारी दिए । उनले हेटौंडा उपमहानगरपालिकाले उपलब्ध गराएको पाँच लाख रुपैयाँ बजेट तथा हिमालयन राइडर्स सोसाइटीको समन्वयमा साइकल लेन निर्माण गरिएको बताए ।

करिब ३ किलोमिटर सडकको दायाँबायाँ साइकल लेनको रेखांकन गर्ने काम भइरहेको उनको भनाइ छ । आइतबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको उपस्थितिमा साइकल लेन निर्माणको कार्य सुरु गरिएको थियो ।

# युवा व्यवसायी राजु अधिकारी कांग्रेसमा प्रवेश



साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ हेटौंडाका सफल युवा व्यवसायी राजु अधिकारी नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

लामो समयदेखि स्वतन्त्र रुपमा व्यवसायीको हितमा काम गर्दै आइरहेको अधिकारीलाई सोमबार विहान नेपाली कांग्रेस वाग्मती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले पार्टीमा स्वागत गरेका हुन् ।

अधिकारी उद्योग बाणिज्य संघ मकवानपुरका उपाध्यक्ष समेत हुन् । लामो समयदेखि पोल्ट्री व्यवसायमा आबद्ध भएका उनी कुखुरा व्यवसायी संघ मकवानपुरका पूर्वअध्यक्ष समेत हुन् ।

'व्यवसायीको हितमा काम गर्ने दल भनेको कांग्रेस रहेछ । त्यसकारण म आबद्ध भएँ ।', उनले जिल्लामा कांग्रेसप्रति जनताको विश्वास समेत बढिरहेको बताए । उनलाई स्वागत गर्दै कांग्रेस वाग्मती प्रदेश संसदीय दलका नेता समेत रहेका बानियाँले पार्टीभित्र उचित स्थान दिने प्रतिबद्धता जनाए ।

'कार्यक्षमताका आधारमा हाम्रो पार्टीमा आबद्ध भएका सम्पूर्णलाई उचित स्थानमा प्रदान गरिनेछ ।', बानियाँले कांग्रेस सधैं जनताको पक्षमा काम गरिरहेको समेत स्मरण गराए ।

पार्टी प्रवेश कार्यक्रममा नेपाली कांग्रेस क्षेत्र नम्बर १ प्रदेश सभापति एवं हेटौंडा नगरपालिकाका उपप्रमुख राजेश बानियाँ लगायतका नेता कार्यकर्ताको सहभागिता रहेको थियो ।

# एयरपोर्टबाट २४ किलो कोकिन बरामद



काठमाडौं, ३० जेठ/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले २४ किलो कोकिन बरामद गरेको छ । आइतबार र सोमबार लागुऔषध नियन्त्रण ब्यूरोबाट खटिएको टोलीले ठुलो परिमाणमा कोकिन बरामद गरेको अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत एकजना अधिकृतले बताए ।

आइतबार १६ केजी कोकिनसहित ब्यूरोले २ जना दक्षिण अफ्रिकाका नागरिकलाई पक्राउ गरेको थियो । सोमबार पुन: ८ किलो कोकिन सहित दुवईबाट काठमाडौं आएका अर्का एकजना विदेशीलाई पक्रेर ब्यूरोले अनुसन्धान गरिरहेको छ । विमानस्थल स्रोतकाअनुसार ३ जना विदेशी दुवईबाट कोकिन लिएर काठमाडौं ओर्लिएका हुन् । २०७९ वैशाख ३ मा ब्यूरोले दक्षिण अफ्रिकाको जोहानेसबर्गबाट काठमाडौंमा ल्याएको ७ किलो सेतो हेरोइनसहित कतार हुँदै नेपाल आएकी जाम्बीयन नागरिक कापुटुला अविसर्गलाई पक्राउ गरेको थियो । अहिले २४ किलो कोकिन लिएर काठमाडौं आउनेहरुसँग वैशाख ३ मा पक्राउ परेकी जाम्बियन महिलासँग कनेक्सन देखिएको छ ।

ब्यूरोले सो हेरोइन लिन आएकी ३५ वर्षीया भारतीय नागरिक लाल नुनपुईलाई पनि वैशाख ४ मा पक्राउ गरेको थियो । सुटकेशमा फल्स बटना बनाएर काठमाडौं सम्म ल्याएको सो सेतो हेरोइनको अवैध बजार मुल्य १४ करोड रहेको ब्यूरोले जनाएको छ । -साभार: रातोपाटी


## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)



## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादीले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

**सामुदायिक कृषि सहकारी संस्था लि.**

पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल



प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## हेटौंडा अस्पताल

बागमती प्रदेश, हेटौंडा

अस्पतालमा स्वास्थ्य सेवा महानुभावहरुलाई स्वागत छ

**हेटौंडा अस्पतालमा पाउने सेवा सुविधा**

**सेवाहरू**
हाडजोर्नी विषेशज्ञ सेवा
बालरोग सेवा
प्रसुति सेवा
दन्त सेवा
फिजिसियन सेवा
नाक, कान, घाँटी सेवा
शल्यक्रीया सेवा
मनोरोग सेवा
फिजियोथोरापी सेवा
न्यूरो सेवा
विशेष सेवा
ICU, HDU
Dialysis
General Lab (PCR Lab)
Endoscopy
USG
CT SCAN
NICU
ECG
ART सेवा
टिकट खुल्ने समय : बिहान ७ बजेदेखि ११ बजेसम्म
**बिरामी पुर्जा काट्ने समय** : बिहान ७ बजेदेखि ११ बजेसम्म

Emergency काउन्टर २४ सै घण्टा
फार्मेसी सेवा २४ सै घण्टा
Emergency सेवा

**ओ.पि.डी खुल्ने समय**
बिहान १० बजेदेखि ३ बजेसम्म
बिहान १० बजेदेखि १ बजेसम्म
खाजा/खाना खाने समय १ बजेदेखि २ बजेसम्म

OT DAY (अप्रेसन हुने बार)
**हाडजोर्नी:**
आइतबार र बुधबार (OPD बन्द हुने छ।)
**शल्यक्रिया:**
सोमबार र विहीबार (OPD बन्द हुने छ।)
**प्रसुति:**
मंगलबार र शुक्रबार (OPD खुला हुने छ।)
**नाक, कान, घाँटी:**
आइतबार र बुधबार (OPD बन्द हुने छ।)

**Administrative Department**
खुल्ने समय आइतबार देखि विहीबार बिहान १० बजेदेखि ५ बजेसम्म
शुक्रबार विहान १० बजेदेखि ३ बजेसम्म

**हेटौंडा अस्पताल**

फोन नं. ००९७७-५७-५२३९७८, ५२०३०५
ईमेल : hospital.hetauda@gmail.com, info@hetaudahospital.gov.np,
वेवसाईट : https//:www.hetaudahospital.gov.np



## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.